स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी असोज ३ गते अर्थात् संविधान दिवसको विदामा एउटै समुदायको कथामा बनेका दुई फिल्मबीच भिडन्त हुने भएको छ । ती फिल्म हुन्, 'सोल्टिनी' र 'जारी २' । अर्जुन सुवेदीको निर्देशनमा बनेको 'सोल्टिनी'ले ६ महिनाअघि नै असोज ३ गतेलाई प्रदर्शन मिति घोषणा गरेको थियो । 'जारी २' को भने शुक्रबार तीनवटा पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मितिबारे जानकारी गराइएको हो ।

आजको विचार...



डा. तेज कार्की

शहरी...

(दुई पेजमा)

यही साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'मोहर'को तेस्रो गीत 'सपना हो कि विपना हो' सार्वजनिक गरिएको छ । वियोगान्त भावको गीतमा गजल गायक थानेश्वर गौतम र लोक गायिका शान्तिश्री परियारको स्वर रहेको छ । फिल्म 'अञ्जिला'को 'रात किन हुन्छ' गीत चर्चित भएको थियो । गीतमा प्रभा बर्तौलाको शब्द रचना तथा गायक गौतम स्वयंको संगीत रहेको छ । छिनको छिनमै बदलिने जिन्दगी सपना हो कि विपना हो भनेर गीतले प्रश्न गर्छ ।



❒ वर्ष ३१ ❒ अंक १७ ❒ २०८२ साउन १७ गते शनिबार 2 August 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# झाँगिदै सम्बन्धविच्छेद

## स्वतन्त्रताको खोजी कि सामाजिक विचलन ?

**रामचन्द्र रायमाझी/रासस**

**तानसेन (पाल्पा),** साउन १६/यहाँको बगनासकाली गाउँपालिकाकी एक युवतीले दुई वर्षअघि २१ वर्षको उमेरमा अन्तरजातीय विवाह गरिन् तर उनको दाम्पत्य जीवन तीन वर्ष पनि टिक्न सकेन । एक सन्तानकी उनी विवाह भएको दुई वर्ष पुग्दा नपुग्दै खटपट सुरु भयो । उनलाई श्रीमान् र घरपरिवारबाट घरछेउका छिमेकीको घरमा जाँदा पनि छिमेकीको छोरासँग लागेकी भनेर शङ्का गर्ने र छोरालाई स्याहार नगरेको आरोप लगाउन थाले ।

आफूमाथिको आरोप उनलाई सह्य नभएपछि घर झगडा सुरु भयो । श्रीमानले दिएको मानसिक तनाव बेहोर्न कठिन भएपछि उनले जिल्ला अदालतमा सम्बन्धविच्छेद (पारपाचुके) सम्बन्धी मुद्दा दर्ता गरिन् । त्यसपछि घरमा थप कलह बढ्यो । उनी आफ्नो घर त्यागेर माइती घरमा बस्न थालिन् । उनको पति-पत्नीको



सम्बन्धविच्छेदको मुद्दा गएको जेठ १९ गते अलग हुने सहमतिमा मिलापत्र भयो । हाल ती युवती श्रीमानबाट अंशसमेत नलिई सम्बन्धविच्छेद् गरेर माइतमा बस्तै आएकी छन् । यसैगरी, रम्भा गाउँपालिकाकी अर्की महिलाले पनि सम्बन्धविच्छेद गरेकी छन् । विदेशमा रहेका श्रीमानसँग अविश्वास बढेपछि बिहे गरेको ४ वर्षमा सम्बन्धविच्छेद गर्नु पर्‍यो । तानसेनकी एक महिलाको पनि पीडा उस्तै छ । १३ वर्षको उमेरमा २०५९ सालमा विवाह गरिन् । आमाबुबाको काखमा खेल्ने उमेरमा विवाह गरेकी उनले सोचेअनुसार वैवाहिक जीवन चल्न नसकेपछि जिल्ला अदालत पाल्पाबाट सम्बन्धविच्छेद गरिन् । पतिले मदिरा सेवन गरी कुटपिट गर्ने, मानसिक तथा शारीरिक यातना दिने, अन्य केटीसँग लागेका कारण उनले सम्बन्धविच्छेद गर्नुपरेको बताइन् । "सानैमा परिवारका केही सदस्यको करकापमा लतारेर विवाह गराइदिनुभयो । मैले धेरै दुःख पाएँ, श्रीमानले दिएको पीडा सहन नसकेपछि सम्बन्धविच्छेद गरेँ", उनले भनिन् । पारिवारिक खटपट भए पनि यसअघि सम्बन्धविच्छेदमा महिलाहरू मात्रै अग्रसर हुने गरेको देखिन्थ्यो । पछिल्लो समयमा पुरुषहरू पनि सम्बन्धविच्छेदका लागि धमाधम उजुरी दिन थालेका छन् । रम्भा गाउँपालिकाका एक युवाका आठ वर्षकी छोरी र डेढ वर्षका छोरा छन् । २८ वर्षको उमेरमै दुई छोराछोरी पाइसकेका उनले २४ वर्षकी श्रीमती सीमासँग २०८२ असार १९ गते सम्बन्धविच्छेद गरे । श्रीमतीले टिकटक र फेसबुकमा कुराकानी गरिरहने, आफूसँग निहुँ खोजिरहने र भनेको नमान्ने भएकाले सम्बन्धविच्छेद गर्नु परेको उनले बताए । रामपुरका ३५ वर्षीय अर्का युवाले पनि २७ वर्षीया श्रीमतीसँग सम्बन्धविच्छेद गरे । २०७० मा प्रेमविवाह गरेका उनका पनि सात वर्षका छोरा र दुई वर्षकी छोरी छन् । ती युवाले श्रीमती परपुरुषसँग लागेको थाहा पाएपछि सम्बन्धविच्छेद गरेका हुन् । 'टिकटकमा परपुरुषसँगको भिडियो हाल्ने, परपुरुषलाई कोठामा बोलाउने, घर परिवारका सदस्यले भनेको नमान्ने भएपछि सम्बन्धविच्छेद गरी पाऊँ', भनी उहाँले जिल्ला अदालतमा मुद्दा दर्ता गरेका थिए । यी त केही प्रतिनिधि पात्र मात्र हुन् । अपरिपक्व विवाह, प्रेम विवाह र वैदेशिक रोजगारी जस्ता कारण पाल्पामा सम्बन्धविच्छेद गर्ने दम्पतीको संख्यामा वृद्धि भएको छ । जिल्ला अदालत पाल्पामा तीन वर्षमा सम्बन्धविच्छेदका मात्र एक हजार ३५६ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएका छन् । अदालत पाल्पाका स्रेस्तेदार केशव पराजुलीका अनुसार २०७९/८० मा ४४३, २०८०/८१ मा ४२८ र २०८१/८२ मा ४८५ मुद्दा दर्ता भएका थिए । अघिल्लो आर्थिक वर्षमा कुल ८१५ मुद्दा दर्ता भएकामा सम्बन्धविच्छेदका मात्र ४८५ रहेका छन् । अधिकांश वैदेशिक रोजगारीमा जाने युवायुवतीको घरायसी सम्बन्ध बिग्रेर सम्बन्धविच्छेदका लागि अदालतसम्म आउने गरेको भेटिने गरेको स्रेस्तेदार पराजुलीले बताए । उनका अनुसार दर्ता मुद्दामध्ये एक हजार १४२ वटा फछ्र्यौट भएका छन् । सामाजिक सञ्जालको दुरुपयोग, कम उमेरमा विवाह, वैदेशिक रोजगारजस्ता कारणले गर्दा पारिवारिक बेमेल भएकाले सम्बन्धविच्छेदका मुद्दा बढ्दै गएका हुन् । सहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रबाट बढी सम्बन्धविच्छेदका मुद्दा आउने गरेका उनको भनाइ छ ।

*-बाँकी अन्तिम पेजमा...*

### संक्षिप्त समाचार

## किएभ आक्रमणमा २६ मृत्यु

**(रासस/एएफपी)**

**किएभ,** साउन १६/युक्रेनको किएभमा बिहीबार भएको रुसी क्षेप्यास्त्र र ड्रोन हमलामा तीन बालबालिकासहित २६ जनाको मृत्यु भएको युक्रेनको आन्तरिक मन्त्रालयले जनाएको छ । यसअघि दुई बालबालिका सहित १६ जनाको मृत्यु भएको जनाएकोमा 'उद्धारकर्ताहरूले स्वाटोसिन्स्की जिल्लाको आवासीय भवनको भग्नावशेषबाट २ वर्षीय बच्चाको शवसहित थप १० वटा शव निकालेपछि शुक्रबार मृतकको सङ्ख्यामा संशोधन गरिएको मन्त्रालयले टेलिग्राममार्फत जानकारी गराएको छ । मन्त्रालयले बिहीबारको आक्रमणमा १६ जना बालबालिकासहित १५९ जना घाइते भएको बताएको छ । दक्षिणपूर्वी युक्रेनको जापोरिझियामा शुक्रबार भएको रूसी आक्रमणमा एक व्यक्तिको मृत्यु भएको यस क्षेत्रको सैन्य प्रशासनले टेलिग्राममार्फत जनाएको छ । बिहीबारको आक्रमणपछि किएभले एक दिनको शोक मनाउँदै घातक आक्रमण गरेको जनाएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले बिहीबार आफ्ना सहयोगीहरूलाई आक्रमणको केही घण्टापछि 'रूसको शासन शैलीमा परिवर्तन' ल्याउन दवाव दिन आग्रह गरेका थिए ।

## श्रीमतिको पुण्य तिथिमा कोईरालाले गरे निलसागर आश्रमलाई खाद्यान्न सहयोग



**जगदीश भट्टराई**

**पाल्पा,** साउन १६/जिल्लाको तानसेन नगरपालिका-५ कैलाशनगरका समाजसेवी भुवानन्द कोईरालाले तानसेनस्थित भूषलडाँडामा रहेको निलसागर असहाय, अशक्त तथा जेष्ठ नागरिक सेवा आश्रमलाई खाद्यान्न सहयोग गरेका छन् । उनले स्वर्गिय धर्मपत्नी खुमकुमारी कोईरालाको स्मृति तथा १४ औं दिनको पुण्य तिथिमा आश्रममै पुगेर खाद्यान्न सहयोग गरेका हुन् ।

मानव सेवा नै धर्म भएकाले आफुले सक्दो सहयोग गरेको कोईरालाले बताए । गरिब,असहाय,अशक्तहरुलाई खुसी राख्न सके मात्र पितृको सम्मान हुने भएकाले परिवारसहित आश्रमै पुगेर खाद्यान्न सहयोग गरेको उनको भनाई छ । कोइरालाले खाद्यान्न सहयोग गरेपछि आश्रममा आश्रित रहेकाहरु उत्साहित भए ।

आफुहरुप्रति कोइरालाले देखाएको सहयोग र सद्भावले मन खुसी भएको उनीहरुले बताएका छन् । यहाँको आश्रम विभिन्न व्यक्ति तथा संस्थाहरुको सहयोगमा सञ्चालन हुँदै आएको छ । हाल यहाँ ५ जना महिला, १२ जना पुरुष गरी १७ जना वृद्धवृद्धा र एक बालकाले आश्रय लिदै आएको आश्रमले जनाएको छ ।

## रामपुरमा 'हाइमास्ट लाइट' जडान

**पाल्पा (रामपुर),** साउन १६/जिल्लाको दोस्रो व्यापारिक केन्द्रको रुपमा रहेको रामपुरमा हाइमास्ट लाइट जडान गरिएको छ । रामपुरको मुख्य क्षेत्र बेझाँड बजारमा २ हजार ४ सय वाट क्षमताको लाईट जडान गरिएको हो ।

रामपुर नगरपालिकाको पहलमा लुम्बिनी प्रदेश सरकारको उर्जा, जलस्रोत तथा सिँचाई मन्त्रालयमार्फत ६ लाख लागतमा लाइट जडान गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए । १६ मिटर उचाईको लाईट जडान गरिएको हो । यसबाट बेझाँड बजार चोक क्षेत्रका ३ सय मिटर वरपरसम्म उज्यालो हुने छ । जडान गरिएको लाईट गर्मीको समयमा साँझ ७ बजेदेखि विहान ५ बजेसम्म, जाडोको समयमा साँझ ६ बजेदेखि विहान ६ बजे सम्म र आवश्यकता अनुसार स्वचालित



रुपमा बल्न र बन्द गर्न सकिने छ । "रामपुरलाई उज्यालो सहरका रुपमा विकसित गर्दै रातिमा समेत सुरक्षित हुने गरी उच्च क्षमताका लाइट जडान गरिएको छ" नगर प्रमुख थापाले भने "हाइमास्ट लाइट जडान गर्न बाँकी रहेका स्थानमा क्रमशः जडान गर्दै गइने छ ।" रातको समयमा बजार क्षेत्रमा सहज रुपमा आवत जावत गर्न र व्यापारिक सुरक्षाका लागि लाइट जडानले महत्वपूर्ण भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । बजार क्षेत्रमा धेरै मानिसको आवागमन हुने र विभिन्न सम्भावित अपराधिक घटना हुन नदिन सुरक्षाको हिसाबले आवश्यक ठानेर बत्ति जडान गरिएको नगर प्रमुख थापाको भनाई छ । हाईमास्ट लाइट अग्लो पोलमा चौतर्फी उज्यालो प्रदान गर्ने प्रविधि हो । मुख्य मुख्य चोक एवं ठूला बाटोको संगम क्षेत्रमा राखिने यस लाइट फरक-फरक तरिकाले राखिएको हुन्छ । १२ मिटरदेखि १६ मिटर उचाइ भएको पोलले २५ मिटरको दुरीसम्म उज्यालो पुग्दछ । यसको फाइदा दुर्घटना न्यूनीकरणका साथै साना व्यवसायीहरू, ठेला व्यवसायी, चिया कफी बेच्नेलाई, पर्यटकीय क्षेत्रको रूपमा तथा सुरक्षाको लागि पनि महत्वपूर्ण हुने नगरपालिकाको दाबी छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कोदो खेतीको प्रवर्द्धन गरौं

कोदो नेपालको धान, मकै र गहुँपछिको चौथो बाली हो । यसलाई पहाडी भेगमा मकै पछिको दोस्रो बाली मानिन्छ । कोदो पौष्टिकताको हिसाबले विश्वको महत्वपूर्ण बाली हो । थोरै खाएर पनि पेट भरिने र धेरै पोषण तत्व प्राप्त गर्न सकिने बालीको रूपमा कोदोलाई लिइन्छ । यसको खेती कम मलिलो तथा सुख्खा जग्गामा गर्न सकिन्छ र पहाडी भागमा कम खर्चमा कोदो खेती गर्न सकिन्छ । कोदोबाट ढिंडो, रोटी, सातु, लिटो, खोले, पुवालगायत परिकार बनाएर खान सकिन्छ । खाद्य सुरक्षाको दृष्टिकोणले कोदो ज्यादै महत्वपूर्ण बाली हो । भाते बानीको संस्कृतिमा हुर्केको हाम्रो गाउँ समाजमा कोदोलाई नेपालीको भान्छामा पनि कम महत्व दिने गरेको पाइन्छ । तर पछिल्ला दिनमा जनचेतना वृद्धि र स्वास्थको दृष्टिकोणले कोदो लाभदायक भएकाले यसको महत्व तथा उपयोगिता दिनदिनै बढ्दै गइरहेको छ । महत्व र उपयोगिता बढ्दै गए पनि खेती गर्ने प्रचलन भने घट्दै गएको छ ।

विगतमा पहाडमा खेती हुँदैआएकामा केही वर्षयता ती भेगका किसानले यसलाई खासै महत्व नदिएका कारण हराउँदै जान थालेको छ । एक दश अघिसम्म पाल्पाका गामीण भेगका सबैजसो ठाउँमा कोदो लगाइन्थ्यो । बारीमा कोदो राम्रै उब्जनी हुन्थ्यो । तर अहिले गाउँमा यसको बीउसम्म पनि पाउन मुस्किल पर्न थालेको छ । ग्रामीण भेगमा कोदो खेतीले ढाकिने बारी अहिले बाँझिँदै गएका छन् । नेपाल कृषि प्रधान देश हो । तर पनि सरकारले रैथाने र लोपउन्मूख अवस्थामा रहेको कोदो खेतीको सरंक्षणमा भने ध्यान दिएको देखिदैन । देश संघीय संरचनामा गइरसकेपछि स्थानीय, प्रदेश र संघीय सरकारले कृषिका विभिन्न नारा दिएका छन् । तिनले किसान र कृषिको पनि उत्तिकै कुरा गरेका छन् तर परम्परादेखि हुँदै आएको कोदो खेती विस्तारमा कसैको पनि ध्यान पुग्न सकेको छैन् । पछिल्ला वर्षमा कोदो खेती हराउँदै जान थालेपछि सरकारले राष्ट्रिय कोदो दिवस मनाउन थालेको छ । गत असारमा बसेको मन्त्रिपरिषद् बैठकले हरेक वर्षको साउन १६ गते राष्ट्रिय कोदो दिवस मनाउने निर्णय गरेसँगै शुक्रबार दिवस मनाइएको छ । तर, मल कम लाग्ने र सिँचाइ पनि धेरै आवश्यक नपर्ने बहुगुणी कोदोलाई भने उपेक्षामा राखिएको छ । यसर्थ लोप हुन लागेको कोदोको महत्व बढ्दै गएकाले यस खेतीको संरक्षण र प्रवर्द्धनमा तीनै तहकार सरकारले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

चुडिएको चप्पलमा बारम्बार अल्झिनु भन्दा त
खाली खुट्टाले नै गन्तव्य तय गर्न ठिक छ ।
*(सुन्दर सुनारको फेसबुक स्टाटसबाट www.facebook.com/Sundar.Sunar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शहरी नीति एकातिर, बजेट अर्कैतिर



## डा. तेज कार्की

देशव्यापी शहरीकरणलाई सही बाटोमा डोऱ्याउनु नै राष्ट्रिय शहरी नीतिको मूल लक्ष्य हो। जलवायु परिवर्तन र विपद् न्यूनीकरण गर्दै पूर्वाधार सम्पन्न, समृद्ध र सुरक्षित शहर बजारको परिकल्पना सो नीतिले गरेको हुन्छ। तर यति राम्रा उद्देश्यहरू हुँदाहुँदै पनि प्राय: यस्ता नीतिहरू कार्यान्वयन कम हुने, लामो समयसम्म थन्किने र अन्तत: असान्दर्भिक बन्ने गरेको पाइन्छ । सो नीति असान्दर्भिक हुनुको कारण नै पत्ता नलगाई फेरि अर्को नीति कोर्ने चलन रहेको पाइन्छ । लागू गरिएका नीतिहरूलाई थन्किन नदिन मूलत: हामीले चार वटा प्रश्नहरूको उत्तर खोज्नुपर्ने हुन्छ । पहिलो, सो नीतिले जनचाहनाको प्रतिनिधित्व गर्छ कि गर्दैन? दोस्रो, विगतका नीतिहरूले सिकाएका पाठहरू समावेश गरिएको छ कि छैन ? तेस्रो धेरै कुरा समेट्न खोजिएको छ कि मूल मुद्दामा केन्द्रित छ? र अन्त्यमा, कार्यान्वयनलाई केन्द्रबिन्दुमा राखेर नीति निर्माण गरिएको छ कि छैन ? यी प्रश्नहरूलाई आधार मानी राष्ट्रिय शहरीकरण नीति २०८१ को समीक्षा यस लेखले गर्ने प्रयास गरेको छ । मन्त्रिपरिषद्को २८ मंसिर २०८१ को निर्णयबाट गत वर्ष राष्ट्रिय शहरीकरण नीति २०८१ लागू भएको हो । यस नीतिले शहरीकरणलाई व्यवस्थित, समावेशी र समृद्ध बनाउने दूरदृष्टि राखेको छ । शहरी पूर्वधारको विस्तार र सुधार यस नीतिको मूल लक्ष्य रहेको छ । शहरी सरोकारवालाहरूसँगको समन्वय र सहकार्यमा योजना र पूर्वाधार निर्माण गर्ने यस नीतिको उद्देश्य रहेको छ। मूलत: चार विषयहरूलाई यस नीतिले समेट्न खोजेको छ । पहिलो, राष्ट्रिय शहरी प्रणाली र शहरी स्वरूपको विकास। दोस्रो, शहरी पूर्वाधारको पहुँचमा विस्तार। तेस्रो, स्रोत र साधन परिचालन र चौथो, अन्तरनिकाय समन्वय र शहरी सुशासनको अभिवृद्धि । यी चार विषयगत नीतिहरूलाई कार्यान्वयन गर्न ८९ वटा कार्यनीतिहरू उल्लेख गरिएको छ । प्रत्येक कार्यनीतिहरूको कार्यान्वयनको जिम्मेवारी संघ, प्रदेश र स्थानीय निकायलाई किटान गरिएको छ । साथै, संस्थागत समन्वयको लागि 'राष्ट्रिय शहरी विकास परिषद्' र 'शहरी विकास निर्देशक समिति' खडा गरिएको छ । यो परिषद् र समितिमा उच्च पदाधिकारीहरू समावेश गरिएको छ । परिषद्को अध्यक्षता शहरी विकास मन्त्री र निर्देशक समितिको शहरी विकास मन्त्रालय सचिवले गर्ने व्यवस्था गरिएको छ । **जनचाहनाको प्रतिनिधित्व भयो कि भएन ?** नीति निर्माणको उठान नागरिकबाट भन्दा कर्मचारीबाट हुने यहाँको चलन छ । मन्त्री वा सचिवको रुचि वा माग बमोजिम शाखा अधिकृत, उपसचिव हुँदै टिप्पणी फाइल उठाएर मन्त्रालय र मन्त्रिपरिषद्को निर्णयबाट नीति निर्माण गर्ने गरिन्छ । यस क्रममा अन्य सम्बधित मन्त्रालयका कर्मचारीहरूलाई सभाहल वा होटलमा बोलाई छलफल पनि गराइन्छ । प्राय: बोलाइएका कर्मचारीलाई विषयवस्तुको खासै गहिराइ थाहा नहुने हुँदा खाजासाजा खाई हाजिरी जनाई जान्छन् । व्याख्या गर्ने काम मन्त्रालयका विज्ञले गर्छन् र भाग लिन आएकाहरू प्राय: ट्वाल्ल पर्नु र सदर गरिदिनु बाहेक अरू कुनै विकल्प हुँदैन । छलफलमा बोलाइएका गिनेचुनेका नागरिकहरू प्रस्तोताको जटिल प्राविधिक जार्गन सुनेर छक्क पर्छन् । प्रश्न गर्न हच्किन्छन् र अन्तत: जनसहभागिताको औपचारिकता पास हुन्छ। त्यसपछि त्यो औपचारिक सहभागिता समेतलाई समावेश गरेर नीति लेखन हुन्छ र अन्तत: मन्त्रिपरिषद्बाट पारित गरी प्रचार गरिन्छ । सबै पालिकाहरूसँग पनि बृहत् छलफल भएको हुँदैन, जहाँ अधिकांश शहरलाई प्रभाव पार्ने निर्णयहरू गरिन्छ । नागरिक, मेयर र जनप्रतिनिधिहरूको चासो चिन्ता गहिरो रूपमा समेटिएको हुँदैन । केवल केन्द्रमा उपलब्ध रहेका निकायसँग मात्र छलफल हुन्छ । कता- कता नीति त जान्ने विज्ञले पो तय गर्ने हो त, अन्यलाई के थाहा हुन्छ र भन्ने मनोविज्ञानले काम गरेको हुन्छ। यसरी निर्माण गरिएको नीतिले नागरिक र जनप्रतिनिधिको चासो र चिन्ताको सम्बोधन नगर्ने हुँदा यसको महत्व र माग शिथिल हुने देखिन्छ ।

**विगतका नीतिले सिकाएका पाठ :** सोह्र वर्षपछि यो नीति बन्यो तर विगतका नीति तथा कार्यक्रमबाट के सिक्यौं र यो नयाँ नीतिमा के ठोस परिमार्जन गर्यौं भन्ने कुरा स्पष्ट उल्लेख गरेको पाइँदैन । जस्तै, विगतमा शहरी वातावरण सुधार आयोजना, साना शहर तथा बजार आयोजना, ग्रामीण शहर साझेदारी कार्यक्रम, जनता आवास जस्ता कार्यक्रमहरू कार्यान्वयन भए तर तिनको कमी-कमजोरीको समीक्षा भएको छैन । के-के कुराले काम गऱ्यो केले काम गरेन सोको समीक्षा विना नै यस नयाँ नीतिले फेरि साना शहर तथा नयाँ नगर बनाउने भनेको छ । ग्रामीण शहर अन्तरसबन्ध कायम गर्ने भनेको छ । यसरी मूल्यांकन नै नगरी पुराना कुराको निरन्तरता दिंदा पुराना गल्ती कमी-कमजोरी पुन: दोहोरिने र नीतिले यथास्थिति र परम्पराकै बाटो लिन जाने देखिन्छ । झट्ट हेर्दा आकर्षक दस्तावेज देखिए पनि नयाँ बोतलमा पुरानै रक्सी हाले जस्तो मात्र हुनेछ । विगतका नीतिहरूको मूल्यांकनमै नटेकी १०-१० वर्षमा नयाँ नीति बनाउने हो भने हामी यथास्थितिमै रहनेछौं र त्यस बेलासम्ममा अव्यवस्थित शहरीकरणले पूरै देशलाई गाँजिसकेको हुनेछ । नीति निर्माताहरूमा 'अगाडि बढ्दै, पाइला मेट्दै' भन्ने प्रवृत्ति पाइन्छ । **धेरै कुरा समेट्न खोज्दा मूल मुद्दा ओझेलमा :** जति धेरै विषयवस्तु वा मुद्दाहरू राख्न सक्यो त्यति नै राम्रो नीति बन्छ भन्ने मनोविज्ञान कता कता नीति निर्माताहरूमा रहेको पाइन्छ । जस्तैह साना शहर, स्मार्ट सिटी, इकोनोमिक ग्रोथ करिडोर, मेगा सिटी, ट्रान्जिट ओरिएन्टेड डेभेलपमेन्ट, ल्यान्ड सेयरिङ्ग, जलवायु परिवर्तन, सेन्डाइ फ्रेमवर्क, विपद् व्यवस्थापन आदिआदि । झट्ट हेर्दा सबै महत्वपूर्ण लाग्ने तर कहाँबाट शुरु गर्ने र कहाँ अन्त्य गर्ने भन्ने अन्योल यी शब्दावलीहरूले नीति उपभोक्ताहरूमा पार्ने देखिन्छ । यस्ता धेरै शब्दावलीहरूको प्रयोग एकै चोटि गर्दा उनीहरू प्राथमिकता केलाई दिने भन्ने अलमलमा पर्ने देखिन्छ। पालिका प्रमुख, प्रदेश प्रमुख, योजना आयोग समेतले धेरै बुँदा (८९ वटा कार्यनीति)हरू भएको कारण बिर्सन सक्ने र बजेट विनियोजन नगर्ने अवस्था आउने देखिन्छ । स्वार्थी शक्तिले पनि यस्ता धेरै अर्थ लाग्ने शब्दावलीहरूको फाइदा उठाई आफू अनुकूल बजेट विनियोजन गर्न दबाब दिन सक्ने सम्भावना बढाउनेछ ।

**केन्द्रविन्दुमा छ छैन कार्यान्वयन ?** शहरी नीति र नियमहरू कार्यान्वयन नभइरहेको अवस्था देख्दादेख्दै त्यसलाई पूरै आँखा चिम्लेर एकपछि अर्को नीति बनाउँदै जाँदा कार्यान्वयन कति हदसम्म होला भन्ने प्रश्न उब्जिएको छ । जस्तै- भू-उपयोगको अभावमा शहर र नगर वरिपरिका डुवान क्षेत्र, भीर, पाखाहरूमा असुरक्षित बस्ती बन्ने काम जारी छ। रियलस्टेटहरूले होचो खेत र वन अतिक्रमण गरेर हाउजिङ बनाएको बनाएकै छन्। काठमाडौं विकास प्राधिकरणको आँखै अगाडि यस्ता कार्य भइरहँदा पनि प्राधिकरणले रोक्न सकेको छैन । नख्खु दोभानको डुवान क्षेत्रमा हार्मोनी कोलोनीले प्राधिकरणबाट योजना स्वीकृति पायो र ललितपुर महानगरपालिकाबाट भवन नक्शापास । गत आश्विनमा आएको वर्षामा सो कोलोनी पूरै बाढीमा डुब्यो । यस्तो परिस्थिति देख्दादेख्दै देशैभरिका पालिकाहरूले कृषि योग्य होचा र भिरालो जमिनलाई धमाधम आवासीय क्षेत्रमा परिणत गरिसकेका छन् । यस्तो कार्यले देशैभरि होचो र भिरालो जमिनमा व्यापक रूपमा असुरक्षित शहरी बस्ती निर्माण हुने देखिन्छ । यी समस्याहरूको समाधान नै नखोजी देखेको नदेखे झैं गरी एकपछि अर्को शहरी नीति ल्याएकै कारण सो नीतिहरू असान्दर्भिक हुने गरेको पाइन्छ । नीति सान्दर्भिक भइहाले पनि बजेट विनियोजनमा स्पष्ट पूर्वाग्रह देखिने गरेको छ । योजना आयोगले नीति हेरेर भन्दा प्रधानमन्त्री, मन्त्री र सांसद्को दबाब हेरेर योजना छनोट गर्ने गरेको पाइन्छ । हालैका छापाहरूमा सांसद विनोद चौधरीले शहरी विकास मन्त्रालयको ३२ करोड बजेट आफ्नो क्षेत्रमा तान्न सफल भएको कुरा आएको छ । आफ्ना पिताजी गणेशमान सिंहको नाममा देशैभरि स्मृति पार्क र सालिक बनाउन शहरी विकास मन्त्रीले धेरै बजेट विनियोजन गराएको, २०० भन्दा बढी टुक्रे आयोजनाका लागि काठमाडौंमा बजेट विनियोजन गरेको आरोप लागेको छ । चालु साना शहर कार्यक्रमको बजेटलाई प्रभाव पार्ने गरी राजनैतिक दबाबमा सो कार्यक्रमको बजेट काटी अरू शहरहरूमा कनिका छरे झैं छरिएको कुरा स्वयम् सरकारी कर्मचारीहरूको गुनासो छ । वर्षौंदेखि शहरी जग्गा विकासका फाइलहरू मन्त्रिपरिषद्मा स्वीकृतिका लागि अड्किएर बसेका छन् । मन्त्रिपरिषद्को एजेन्डामा ती फाइल पर्दैनन् । जसका कारण जनताका घर-जग्गा लामो समयदेखि रोक्कामा छन् । **अन्य कमी-कमजोरी :** नयाँ नीतिको दस्तावेजले शहरहरूमा खुला क्षेत्रको तीव्र अभाव भएको जिकिर गरेको छ तर कसरी सो अभावलाई सम्बोधन गर्ने भन्नेबारे बोलेको छैन । यसैगरी पहाडबाट तराईमा बसाइँसराइ तीव्र रहेको सो नीतिले उल्लेख गरेको छ। तर, कसरी पहाडी शहर बजारमा जनसंख्यालाई आकर्षित गर्ने भन्नेबारे कुनै रणनीति उल्लेख गरिएको छैन। सो नीतिले भौतिक पूर्वाधार र ल्यान्ड पुलिंग गरेर जनसंख्या अडाउन सकिन्छ भन्ने धारणा राखेको देखिन्छ तर रोजगार विना पूर्वाधारले मात्र जनसंख्या कसरी रोकिन्छ भन्ने प्रश्नको उत्तर भेटिँदैन ।

**हुनुपर्ने के हो ?** नीतिमा धेरै कुरा उठान गर्नुभन्दा थोरै, सरल, सबैले बुझ्ने र नबिर्सिने खालका तीन प्रमुख विषयलाई मात्र जोडदिए सही रूपमा राष्ट्रिय शहरी नीति कार्यान्वयन हुनसक्ने देखिन्छ। पहिलो- भू-उपयोग, वातावरण र पूर्वाधार। भू-उपयोगले प्रत्येक पालिकाहरूमा होचो डुवान हुने ठाउँ, भीर, पाखा र वनहरूमा बस्ती विकास निषेध गर्दछ। शहर-बजारमा पार्क, हरियाली र खुला मैदानको सुनिश्चितता गर्दछ । जथाभावी ढुंगाखानी उत्खनन् र वनविनाश कार्यमा रोक लगाउँदछ । पुरानो र नयाँ दुवै बस्तीमा जग्गा विकास र आवास आयोजना सञ्चालन गर्न सकिन्छ । यी तीन कुराको कार्यान्वयन गर्न भीमकाय रूप गरेका प्राधिकरण वा केन्द्रीय संरचनाको आवश्यकता पर्दैन । पालिकाहरू आफैंले गर्न सक्छन् । संविधानले सो गर्न पूरा अधिकार दिएको छ । सबै पालिकाहरूले आ-आफ्नो ठाउँमा बसेर काम गरे भने अन्तरनिकाय समन्वयको समस्या पनि धेरै हदसम्म समाधान हुनेछ । खाली पालिकाहरूलाई सचेत, संवेदनशील, प्रतिवद्ध र कानूनसम्मत रूपमा जिम्मेवार बनाए पुग्छ । होचा कृषि क्षेत्रलाई आवासीय क्षेत्रमा वर्गीकरण गरी विपद् निम्त्याउन हुँदैन भन्ने चेतना दिनु आवश्यक छ । उपयुक्त भू-उपयोग लागू गर्न पालिकाहरूलाई कसरी कानूनी रूपमा जिम्मेवार र प्रतिवद्ध बनाउने भन्नेमा सबै संयन्त्रको ध्यानकेन्द्रित हुनु जरूरी छ । केन्द्रले पालिकाहरूलाई निर्देशन र परिपत्र मात्र जारी गर्ने होइन । माथि उल्लिखित तीन बुँदाहरूमा सहकार्य, संवाद र प्रोत्साहन गर्नुपर्दछ । यति गर्न सकियो भने मात्र सही रूपमा राष्ट्रिय शहरी नीति स्थानीयस्तरमै कार्यान्वयन हुन जानेछ । तर, माथि भने जस्तै केन्द्रमा बसेर विगतका नीतिहरूको मूल्यांकनमै नटेकी १०-१० वर्षमा बहुआयामिक शब्दहरू समावेश गरी नयाँ नीति बनाउने हो भने र सो नीतिहरूलाई बजेट विनियोजन नहुने हो भने हामी यथास्थितिमै रहनेछौं । सो क्रम जारी रहे अव्यवस्थित शहरीकरणले पूरै देशलाई गाँजिसकेको हुनेछ । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०२५
- रेडक्रस पाल्पा ०७५-५२०६०
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९१५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यु एकता क्लब तानसेन : ०७५-५२२२०
- परिवार नियोजन संघ पाल्पा : ९८४७०२७०२५
- रामपुर टेडन्टी:९८४७०६२२४७,९८४७०६५०५४

## दैनिक राशिफल


| | |
|---|---|
| **मेष** : विद्यार्थीहरूलाई नयाँ कुरा सिक्ने मौका मिल्नेछ। दिन आनन्दमय रहनेछ। | **तुला** : शुभ कार्यको चर्चा चल्नेछ। आय आर्जनका नयाँ स्रोत फेला पर्नेछन्। |
| **वृष** : स्वास्थ्य सम्बन्धी चिन्ताले सताउनेछ। अरुको लागि उपयोगी भइनेछ। | **वृश्चिक** : वादविवाद बढ्नसक्छ सावधान रहनुहोस्। यात्रा सुखद रहनेछ। |
| **मिथुन** : लक्ष्य प्राप्तिको लागि संघर्ष गर्नुपर्ला। अप्रिय सूचना सुन्न मिल्ला सचेत रहनुहोस्। | **धनु** : मेहनत अनुसार परिणाम प्राप्त हुनेछ। दिगो कार्य प्रारम्भ गर्न सकिनेछ। |
| **कर्कट** : सुखद समाचारले मन उत्साहित रहनेछ। धैर्यताको परिचय दिनुहोस्। | **मकर** : पुरानो कार्यबाट लाभ आर्जन गर्न सकिनेछ। सामाजिक उत्तरदायित्व प्राप्त होला। |
| **सिंह** : आर्थिक क्षेत्र सबल रहनेछ। करियरलाई लिएर नयाँ दिशा मिल्नेछ। | **कुम्भ** : अँटिका कार्यमा सफलता मिल्नेछ। आध्यात्मिक चेतनामा विकास हुनेछ। |
| **कन्या** : रुचिले शैक्षिक क्षेत्र फराकिलो बन्नेछ। आर्थिक पक्ष सबल रहनेछ। | **मीन** : आत्मसम्मानमा ठेस लाग्न सक्छ। नयाँ कार्यमा हौसला जगाउनेछ। |

# साहित्य दर्पण

समीक्षा ● पुष्कर अथक रेग्मी

## कवि पुरनको बुद्धरश्मि






नेपाली साहित्यको फा'टमा अत्यन्त उर्वर विधाको रूपमा लिइएको कविता सर्वप्राचिन एवम् सम्वृद्ध विधा हो । पाल्पाको साहित्यिक इतिहासमा समेत सबैभन्दा बढी कृति प्रकाशित भएको विधा पनि कविता नै हो । कवितालाई काव्य पनि भनिन्छ । गुल्मीका सन्त शशिधर स्वामि (वि.स. १८०४-१९०६) को भक्तिधारा र भानुभक्त आचार्यको पाल्पा आगमनपछि भानुको कविता शक्तिबाट प्रभावित भई छविलाल नेपाल (वि.सं. १९०५-१९७९) ले नेपाली भाषामा गोपीगीत, पुत्रशिक्षा, खड्गस्तुति लगायत फुट्कर कविताहरू लेखेंसँगै पाल्पामा नेपाली भाषामै साहित्य लेखनको शुभारम्भ भएको हो । शास्त्रकवि प.माधवप्रसाद देवकोटा ( वि.सं. १९६०-२०३९) ले पाल्पाको काव्यिक धरातललाई राष्ट्रियस्तरसम्म नै उठाएका थिए ।

पाल्पामा कविता साहित्यको प्रकाशित इतिहासको कृतिहरूको चर्चा गर्दा विभिन्न कालखण्डमा विभिन्न स्रष्टाहरूद्वारा गद्य र पद्य दुवैमा महाकाव्य, खण्डकाव्य, काव्य, कविता, नाटककाव्य, भजन, गीत, गजल मुक्तक लगायतका कृतिहरू प्रकाशित हुनुका साथै परिकल्पित लघु उपविधा अर्न्तगत साइनो, शीत, त्रिशूल लगायतका काव्य कृतिहरू प्रकाशित भएका छन् । यी सबै कृतिहरूले देश काल परिस्थिति अनुरूप भूत, वर्तमान र भविष्य बोलेका छन् । यसै परिपेक्ष्यमा सिर्जनशील कवि पुरनबहादुर शाक्यद्वारा लिखित कविता सङग्रह बुद्ध रश्मि प्रकाशित भएको छ । कविज्यूले सङ्गहलाई दुई भागमा बाँडेका छन् । पहिलो भागलाई बुद्ध रश्मी र दोस्रो भागलाई कवि को हो ? कविता । नामकरण गरिएको छ । पहिलो भागभित्र ४५ वटा कविताहरू रहेका छन् र यी सबै कविताहरू बौद्ध धर्म, दर्शन, अहिंसा, शान्ति, सद्भाव केन्द्रित रहेका छन् । दोस्रो भागभित्र २५ वटा कविता रहेका छन् र यी कविताहरू भने राष्ट्रबोध केन्द्रित रहेका छन् । यसैले एउटै सङग्रह भित्र कविले दुई वटै सङ्गहको एकिकृत कविता प्रकाशन गर्नु भई निकै नै चार्तुयतापूर्ण कार्य गरी दष्टाको ध्यानाकर्षण गराएका छन् । बौद्ध दर्शनका प्रणेता महामानव सिद्धार्थ गौतम हुन्, उनलाई भगवान बुद्ध पनि भनिन्छ । बुद्ध भनेको व्यक्तिको नाम होइन जसले बोध गर्ने काम गर्छ उसैलाई बुद्ध भनिन्छ । चर्तुरआर्य सत्य बुद्धको मूल उपदेश हो । चतुर भनेको चार आर्य भनेको उत्तम, पवित्र र सत्य अर्थात् जहिले पनि सहि भइरहेने हो पहिले आर्यसत्य दु:ख हो दोस्रो तृष्णा नै दु:खको मूल कारण हो । तेस्रो तुष्णाको निरोध नै निर्वाण हो र चौथो दु:ख निवारणका लागि अष्टाङ्गिक मार्ग अपनाउनु पर्दछ । अष्टाङ्गिक मार्गहरू मध्ये ठीक बोली, ठीक कर्म र ठिक जीविकोपार्जनलाई शील, ठीक प्रयत्न, ठीक स्मृति र ठीक एकाग्रतालाई समाधि र ठीक धारणा तथा ठीक बिचारलाई समाधि र ठीक धारणा तथा ठीक विचारलाई प्रज्ञा भनिएको छ अष्टाङ्ग मार्गलाई नै शील, समाधि र प्रज्ञा भनिएको छ ।

कवि शाक्यको रश्मी कविता संग्रहको पहिलो भाग बुद्ध रश्मी भित्र यस्तै शील र समाधि र प्रज्ञामुखी कविताहरू संग्रहित रहेका छन् बुद्धचित्त, जीवन सार, दु:ख सागर, नमन बुद्ध लगायतका शीर्षकमा कविताहरू शील सम्बन्धित रहेका छन् बुद्ध, बद्ध, बुद्ध, बुद्ध शाश्वत सत्य, बोधिसत्व, जीवन निर्वाण, मन महिमा, राजशाक्यलाई सम्भदा, प्रितिचित्त, भन्ते बन्दना, यो मन शीर्षक लगायतका कविताहरू समाधि केन्द्रित रहेका छन् भने बुद्ध लुम्बिनी, जीवन फदय, जीवन जगत १ र २, स्वर्गको टुक्रा लुम्बिनी कविताहरू प्रज्ञामुखी रहेका छन् । भाग दुई भित्र रहेका कविताहरू राष्ट्रबोध रहेका छन् । पलपलमा धरहरा, भुकम्पले भत्किएका विम्बहरू, राष्ट्र भुकम्प र राहत, मेरो चार मुक्तक, वाकमाण्डू-काठमाण्डू, कोलाहल काठमाण्डू लगायतका कविताहरूमा मुलुकको समसामहिकता उजागर गरिएको छ । जिन्दावाद, मूर्दावाद, आन्दोलन उफ आन्दोलन, बलात्कार सरकार, देश-दशा दिशा, नेता चाला शीर्षक लगायतका कविताहरूमा राजनीतिक व्यङ्गय सचेतना पाइन्छ । शहर धूलो: धुवाँ, भ्रष्ट शाषक- दानव राक्षस, सुनखाडल नेपाल, तीन मुक्तक यो कस्तो कसको देश ? शीर्षक लगायतका कविताहरूले मुलुकको भूत, वर्तमान र भविष्यको चित्रण गरेका छन् ।

सङ्गहमित्र रहेका समग्र कविताहरूको अध्यन गर्दा कविताको संरचनामा विविधता पाइन्छ स्वतन्त्र छन्दमा लेखिएका अधिकांश कविताहरू अन्त्यानु प्राश मिलेका गेयात्मक रहेका छन् भने केही कविता गद्यात्मक रहेका छन् । कुनै विषयवस्तुको उदाहरण दिदा विम्ब र कुनै पात्रलाई उप प्रतिकको प्रयोग गरे कविताहरू सरल भाषा शैलीमा रचिए छन् । भाग एक भित्रका कविताहरू करूण तथा शान्त रसमयी रहेका छन् भने भाग दुई मित्रका कविताहरुक करूणा र शान्त रस सँगै वीर, रौद्र, हाँस्य र अद्भुत रसहरू समेत प्रयोगभएको रस्वादन गर्न पाईन्छ । कविताहरुमा व्यञ्जना शब्दशक्तिभन्दा अभिधा र लक्षणा शब्दशक्तिको बढी प्रयोग भएको पाइन्छ । कविताको माध्यमद्धारा कविले प्रत्येक मानिसको मन र मुलुकमा शान्ति हुनुपर्दछ मन शान्तिको लागि बुद्ध बनौ र बुद्ध बनेसँगै मुलुकमा समृद्धि आउँछ। यसर्थ यो मानव कल्याण, नेपाली र नेपालको भविष्य सँगै शान्ति स्थापनाको लागि मन वचन र कर्मले प्रत्येक व्यक्ति लागौ भन्ने सन्देश कवितामा पाइन्छ समग्रमा अनुपम कविता सङ्गह बुद्ध रश्मि मित्र सत्यम शिवम् र सुन्दरको उत्कृष्ट संयोजन रहेको छ । कृति मननीय, महलनीय, पठनीय, उदाहरणीय सग्रहणीय एवं विलोकनीय रहेको छ । बुद्धवली क्षेत्रभित्र पर्ने पाल्पा साहित्यको दृष्टिकोणले उर्वर भूमि हो । सेनकालीन समय देखिनै पाल्पाको भाषा, कला, संस्कृति, साहित्य र सभ्यता अब्बल रहेदै आएको छ । कालिम्पोङबाट प्रकाशित हुने धर्मोदय र नेपाल भाषामा प्रकाशित हुने धर्म दूत पत्रिकामा पाल्पाका अग्रजहरु अम्विका प्रसाद लाकौल, अयोध्या प्रसाद प्रधान, मथुराप्रसाद प्रधान आदिको सिर्जनाहरू छापिएसँगै पाल्पाका बौद्ध वांगमयको शुभारम्भ भएको मानिन्छ । पाल्पाका भिक्षु शाक्यानन्द महास्यवीर, भिक्षु डा. अमृतानन्द महास्थवीर, भिक्षु चुन्दशास्त्री महास्थवीर, आचार्य भिक्षु कुमार कायस्थ महास्थवीर, भिक्षु विमानन्द महास्थवीर, भिक्षु ज्ञान पूर्णिक महास्थवीर लगायतका विद्वानहरूद्वारा पालपामा बौद्ध बाङ्मय केन्द्रीत कृतिहरू प्रकाशित भएको पाइन्छ पाल्पा तानसेन नारायणटोलमा जन्मिएका अविश्रान्त कर्मशील साहित्यकार देवेन्द्रराज शाक्य र उनको धर्मपत्नी धर्मी शाक्यज्यूद्वारा समेत बौद्ध वाङ्मयमा आधारित कृतिहरू, प्रकाशित भइसकेका छन् उल्लेखित श्रष्टाहरूका प्रकाशित कृतिहरूले समग्र मुलुककै बौद्ध वांगमयको क्षेत्रमा कालजयी योगदान पुऱ्याउँदै आएका छन् । यसै परिप्रेक्ष्यमा बौद्ध धर्मका पालक, बौद्ध दर्शनका चिन्तक, बौद्ध वाङ्मया साधक पुरनबहादुर शाक्यले नेपाली साहित्यको श्रीवृद्धिका लागि बौद्ध बाङ्मयको कापिकरण गर्दै काव्य कृति 'बुद्ध रश्मि' सार्वजनिकरण गरेकोमा हार्दिक बधाई कृतिले कविता साहित्यको भण्डारमा सुनौलो स्थान प्राप्त गर्नसकोस् प्रार्थना । कविज्यूको बाँकी जीवन काव्यमय बनिरहोस् - शुभकामना ! ***(रेग्मी पाल्पाका स्थापित साहित्यकार समेत हुन् ।)***

निबन्ध ● दलबहादुर गुरुङ

## सवालका श्रोतहरू : पर्या निबन्ध सङ्गह



सात सय ५० मूल्य पर्ने पर्या-निबन्ध सङ्गह, हिमालय बुक हाउस बुटवलका सञ्चालक माधव गौतमले छ सय ७५ रुप्पे नगदमा दिए । मैले छोरोसँगै पुस्तक किन्दाको एउटा फोटो झ्याप्पै खिचेर आफ्नो फेसबुकवालमा पोष्ट्याइ हालें । त्यो कुरो २०८२ साल असार २२ गते, आइतवार, साँझ ६ बजेतिरको हो । घरमा आएपछि एक दुई अध्याय पढें । फुर्सद हुँदा दुई, चार पाना पल्टाउँदै गएँ । तर, एकोहोरो नपढ्दा धीतै मरेन । अनि असार ३१ गते, मंगलवारको विहान ९ बजे मोबाइललाई अफ गरेपछि नारिएँ पढ्न । साँझको पाँच बज्नै आँट्दा प्रकाशकीय, सम्पादकीय र निबन्ध क्रमबाहेकको चार सय ८१ पृष्ठ पढेर तुरिएछ । निरन्तर ८ घण्टाको अविश्राम अध्ययनले नेपालको पहिलो पर्या-निबन्ध सङ्गह, पानापाना पल्टाउँदै गर्दा खुशीले बुर्कुसी मारिरह्यो । बुटवलमा बस्दै गरेको मान्छे म, पूर्वतिर लागेको भए पुग्थें हुँला आठ घण्टामा संघीय राजधानी काठमाडौंको धूलो खान ! उत्तरतिर हेलिएको भए पोखराको फेवातालमा डुङ्गा खेल्न पुग्थें । पश्चिमतर्फ हान्निएको भए बाँकेबर्दिया राष्ट्रिय निकुञ्जतिर बाघ हेर्न भ्याउँथें हुँला । दक्षिण भारततिर लागेको भए सुनौली, गोरखपुरहुँदै बनारसतिर पुग्थें कि गोबरको थुप्रो कुच्न ! डाक्टर गोविन्दराज भट्टराई र विजय हितानको सम्पादन र साहित्यपोस्टको प्रकाशन रहेको उक्त खँदिलो, पठनीय, सङ्गहणीय र हितकर पुस्तक पढ्दाको पठन अनुभूति लेख्न पाउँदा चङ्गाजस्तै मन उडिरहेको छ । पुस्तक पढिरहँदा मनमा अनेक तर्कना खेले । डा. गीता त्रिपाठी, समीक्षक महेश पौड्याल र कवि भूपिन निर्णायक भएर पर्या-निबन्धको छनौट र पुरस्कारका लागि सिफारिस गरेका रहेछन् । देशभरिबाट एकसय आठ वटा पर्या-निबन्ध (संयोग पनि कस्तो ? एक सय आठ धारा, एक सय आठ वरपीपल चौपारी) प्राप्त भएकोमा ३२ वटा निबन्धले यो पुस्तकमा छापिने अवसर प्राप्त गरेका छन् । तीनवटा निबन्धले प्रथम, द्वितीय र तृतीय स्थान हासिल गरी बाक्लै पुरस्कार हात पारेको खबरले मनै फुरुङ्ग भो । बाँकी २९ वटा निबन्धले मसी खर्च पाएका रहेछन् । उनीहरूका रचना पनि कम्तिका थिएनन् । कुनैकुनै निबन्धले त पुरस्कृत निबन्धलाई नै चुनौती दिएका थिए । निबन्धका आफ्नै नियम, सीमा, परिधि छन् । कति निबन्धहरू तिनै साँचामा परेनन् होला र पुरस्कृत हुनबाट बञ्चित भएको हुनुपर्छ । यी सबै कुरा, निबन्धहरू पढेर, मनमा गुनेर, बुझेर नै भनेको हुँ । निबन्धकार र निर्णायकमाथि मेरो कुनै गुनासो र गन्थन पनि छैन । कच्चा निबन्धहरू पढ्नु, त्यसलाई बुझ्नु र निर्णयको तराजुमा राखेर जोख्ने काम सामान्य ठान्दिनँ म । नेपालमा पहिलो पटक प्रकाशित पर्या-निबन्धले वन, वातावरण र जैविक विविधताका साथै पर्यासाहित्य बुझ्न इच्छुकहरूलाई भरेङको काम गर्नेछ । यही भरेङ चढेर नेपाललगायत सिंगो विश्वको पर्यावरण र पर्याजगतलाई नियाल्न सक्नेछन् । यो नै यो पुस्तकको गाँठी कुरो हो । पर्याजगतलाई निबन्धको घेरोभित्रमात्र तौलिनु र जोखिनु पनि न्यायपूर्ण हुँदैन । यसका विराट रूपलाई साहित्यका विविध विधाहरूमा समाहित गर्दै लैजानुपर्ने आजको आवश्यकता हो । यो एउटा पहिलो अभ्यास र प्रयासलाई हामीले स्वीकार्नुको विकल्प छैन । धेरैले जानेको तर नबुझेको विषय नै पर्यावरण हो । यसलाई भुइँमान्छेसम्म पुर्याउनका लागि पर्यासाहित्यको माध्यम सहज र सरल हुन सक्ने कुरामा दुई मत छैन । त्यसका लागि साहित्यपोस्टको योगदान अतुलनीय छ । जसले पर्यासाहित्यलाई आफ्नो अनलाइनमा प्राथमिकता र प्रोत्साहन दिइरह्यो । पर्यासाहित्यमा कलम चलाउन उत्प्रेरित र पुरस्कृत गरिरह्यो । यो नै उत्तम कर्म हो । पृथ्वीको तापमान बढिरह्यो । खरानीजस्ता हिमालहरू अङ्गारजस्ता भए । हिमतालहरू फुट्न थाले । भौतिक र मानवीय क्षति बेहोर्नुपर्ने अवस्था आइरहेका छन् । वनजंगलमा बाघ, भालु, स्याल, दुम्सी, बँदेलको रजाइँ चल्न थालेपछि वनका छिमेकी मान्छेहरू त्रहीमाम भए । अन्न, भकारीमा हाल्ने सपनाहरू तुहिए । बाँदरले बसिखान दिएन । मकै लगाउँदा उसैको हित, केरा लगायो उसैलाई पाहुर । कसौंडीको भात बोकेर कटहरको रुखमा भान्सा गर्ने उही बाँदर । बाँदरलाई वनमा बस्न नदिनका लागि दोलखा, कालिञ्चोक वडा नं. ८ ले वन मास्न गरेको निर्णयलाई २०७९ माघ २७ गते सम्मानित अदालतले रोक लगाएको कुरा निबन्धकार विश्वनाथ रिजालले आफ्नो निबन्ध 'प्रकृतिमा बाँदर र मानवको सहअस्तित्व'मा लेखेका छन् । वनमा डढेलो लाएर बसी नसक्नू । खोलाका छेउमा दिसापिसाब गरेर सत्यानाश । पिउने पानी,छुनै घीन लाग्दो । वन मासिएर गाउँतिर आएको हो कि घरचाँहि वनतिर लागेको हो पत्तै पाउन कठिन भएको कुरा किताबमा प्रशस्तै पढ्न पाइन्छन् । वन, वातावरण र जैविक विविधता जोगाउने कुरा तारे होटलमा हुन्छन् तर तारेभीरमा डोजरले बिनामेसै खनेर ताक्लु बनाउँदा कसले रोक्ने ? दीलिप वान्तवाले विराटनगरदेखि काठमाडौं हवाइजहाज चढेर जाँदा डाँडाकाँडाहरू चोटग्रस्त देख्छन् । नखोस्रेका कुनै डाँडाकाँडाहरू भेटाउँदैनन् । जतातते किरिङमिरिङ देखिने धर्सोजस्तै बाटाहरू खनिएका र तिनले राम्रैगरी भूक्षय गराएका दृश्यहरू प्रष्टै देखेको आनो निबन्ध 'सांखामचुली, गिद्ध टेम्के'मा लेखेका छन् । गंगटालेजस्तै खोला उधिनेर विपत्ता पार्दा रमिते छन् सबै । ठेकेदारको अघि कसले बोल्ने ? बिरालोको घाँटीमा घण्टी भुण्ड्याउने कसले ? वन मासेर विकास : डाँडो फाँडेर निकास खोज्ने नौलो आयाम ? जिम्मेवार निकाय, जिम्मेवार हुन नसकेको निबन्धकारहरूले लेखेका छन् तर उनीहरूका जिज्ञासा, प्रश्न र चासोको उत्तर कसले दिने ? यही छ अर्को प्रश्न । प्रश्नद्वारा परिवर्तन सम्भव छ तर समय लाग्न सक्छ, यो पुस्तकको एउटा सन्देश यो पनि हो । जन्मेदेखि मर्दापछिसम्म चाहिने यही वातावरण हो । तर दिनप्रतिदिन वातावरण प्रदूषित हुँदैछ । यसको कारण हजारौं मानिसहरू आज श्वासप्रश्वासका रोगी भएका छन् । ओखतीपानी गर्दागर्दै उठिबास भएका छन् । निरोगी कसरी हुने कुरा पहिलो शर्त हुनुपर्ने हो तर बिरामीको चाँखे थापेर बस्नेहरूलाई वातावरण प्रदूषण नै आम्दानीको गतिलो श्रोत बन्न पुगेको छ । यो कुरा पुस्तकमा उठेका छन् । चिन्ता छन् मस्तै । चिन्तन कमजोर ! विदेशमा बसेर पनि विजय हितानले नेपालको पर्यासाहित्यमा आफ्नो योगदान गरेकै छन् । डा. भट्टराईले चिन्तन गर्न छाडेका छैनन् । साहित्यपोस्टले आफ्नो भूमिकामा चर्को दावी पेश गरेकै छ । अब त केही हुन्छ कि भन्ने भरोसा जागेको छ । हिम्मत पलाएको छ । उत्साह जागृत भएको छ । आफ्नै आयुको लम्बाई बढ्ने कुरामा ढुक्क हुन मन लागेको छ । किन प्राथमिकतामा पर्दैन पर्यावरण संरक्षणका कुरा, किन यथेष्ट बजेट छुट्टिनन् संरक्षणका लागि ? सरकार गठन हुँदा वन तथा वातावरण मन्त्रालय पार्टीका प्राथमिकतामा किन पर्दैनन् ? विनास नगरिकन विकास हुन्न भन्ने कस्तो भाष्य तयार हुँदैछ ? वातावरण हाम्रो सम्पत्ति हो भन्ने कुरा किन बुझ्दैनन् मानिसहरू ? वातावरण हामीले पाएको उपहार हो, भोलि हाम्रा सन्ततिहरूलाई फिर्ता गर्नुपर्छ भनेर किन बुझाउन सकेका छैनौं हामीले ? पाएकोभन्दा थपेर दिनुपर्ने कुरामा किन पाएजति सबै तुर्ने हो भन्ने गलत सोचाइ मानिसमा हावी भयो ? किन बुझ्दैनन् र किन बुझाउन सम्भव भएन, संरक्षणका सवालहरू ? बाग्मती मासिएपछि बुद्धि पलाएकाहरूले खर्वौं रुपैंया बाग्मती बचाउन खर्चिनु परेको कुरा किन बुझ्दैनन् ? कृषि इञ्जिनियर हुतराज वैद्यको नेतृत्वमा बाग्मती बचाउ अभियान चलेको सबैलाई थाहा भएकै विषय हो । उनले 'बाग्मती बाँचिरहोस्' नामक पुस्तक लेखेको छन् । बाग्मती बचाउनका लागि सरकारी, गैरसरकारी एवम् सचेत नागरिकहरूले गरेको हातेमालोका बारेमा कुमुद श्रेष्ठले 'अब बाग्मती फेरि हाँस्छ' निबन्धमा गजबले लेखेका छन् । मृत हुन गइरहेको तिनाउलाई जीवित र समृद्ध बनाउन किन बाग्मतीबाट पाठ सिक्न सकिँदैन ? यी साझा सवालमा सचेत गराउने कुरा यो पुस्तकको अर्को बलियो पक्ष हो । यही विषयमा घनिभूतरूपले छलफल भइरहेका छन् । गाउँमा बाटाहरू पुग्न थालेपछि आस्थाका रूपमा रहेका वरपीपल चौपारीहरू नै नासिन थालेको कुरालाई बढो कलात्मक रूपमा पुरुषोत्तम दाहालले 'अकाल मृत्युबाट बाँचेको वरपीपल' निबन्धमा उल्लेख गरेका छन् । उनी लेख्छन्– कालो फोक्सो भएको व्यक्तिको मन पनि त कालो हुन्छ । उनको निबन्धमा वरपीपलको महत्त्व, यसको ऐतिहासिकता र किंवदन्तिलाई मज्जाले केलाइएको छ । वरपीपललाई पुज्नेदेखि यसको हाँगाविँगाहरूले उन्नत खेतीमा पार्ने असरका बारेमा समेत उल्लेख गरिएको छ । द्वन्द्वात्मक शैलीमा लेखिएको उक्त निबन्धले नयाँ पुस्ता र पुरानो पुस्ताबीचमा दरार कसरी सिर्जना हुँदोरहेछ भनी सन्देश प्रवाह गरेको छ । चराको चिन्ता गर्दै अनिता न्यौपाने आफ्नो निबन्ध 'त्यसपछि चराहरू हराउने छन्'मा लेख्छिन्- हलबाट फिलिम हराएजस्तै, हातबाट घडी हराएजस्तै, दलिन वा काँधमा भुण्डिएका रेडियो हराएजस्तै, गाउँबाट युवा हराएजस्तै र बाटोबाट चौतारो हराएजस्तै एक दिन यो सुन्दर संसारबाट चराहरू हराउने छन् । संसारलाई सुन्दर बनाइराख्ने चरा नै हो भन्ने उनको ठहर छ । पर्यावरण स्वच्छ रहेमा नै जैविक विविधता कायम रहने छ । नेपालमा मात्र पाइने काँडेभ्याकुर चराको संरक्षण हुन नसकेमा के हालत होला ? चराले चिनाएको नेपालको परिचय कहाँ रहला र ? आठ सय ९० प्रजातिका चरा पाइने नेपाल, यही चरा देखाएर पनि पालिन सक्छ । चरा पर्यटन सम्भव देख्छिन् उनी । कहिलेकाँही मनमा अनेक तर्कवितर्क खेल्छन् । चिन्ता, पीर हुन्छन् । पुस्तक पढेर, अनुभूति लेखिरहँदा पहिलो पर्या-निबन्ध सङ्गहको निरन्तरता, पृष्ठपोषण, प्रतिक्रिया, सुझाव कस्तो आउला, जान्न मन लागिरहेको छ । पर्यासाहित्यिक विधामा अन्य के आउला भनेर जिज्ञासा जागिरहेको छ मनमा । हुन त यसका बारेमा विजय दाइले आफ्नो सम्पादकीयमा धेरै कुरा उल्लेख गरेकै छन् । सिंगो चिरफार त दाइकै सम्पादकीयमा नै छ । यो पुस्तक पढिसकेपछि मेरो मनमा अनेक सवालहरू उठे । ती सवालका जवाफ त कहाँ पाउँला र ? तैपनि यही पुस्तकमा एकोहोरो खोजिरहेको छु । पर्यावरणका बारेमा उठेका सवालका श्रोतहरू यही पुस्तक नै हो भन्ने मेरो ठहर छ ।

***-साहित्यपोस्ट डटकम***

# अब पाल्पामै विएस्सी सिएस आइटी पढ्न पाइने




**पाल्पा,** साउन १६/अब पाल्पामै विएस्सी सिएस आइटी पढ्न पाइने भएको छ । पश्चिम नेपालकै जेठो क्याम्पस त्रिभुवन बहुमुखी क्यापसमा पहिलो पटक कम्प्युटर विज्ञान तथा सुचना प्रविधि ( विएस्सी सिएस आइटी) पढ्न पाइने भएको हो ।

त्रिभुवन विश्वविद्यालयबाट स्वीकृत पाएसँगै यो शैक्षिक सत्रदेखि क्याम्पसले पठनपाठन सुरूवात गर्ने तयारी गरेको क्याम्पस प्रमुख डा. टंकप्रसाद पन्थले बताए । शुक्रबार क्याम्पसमा पत्रकार सम्मेलन गरी क्याम्पस प्रमुख पन्थले समयको मागलाई मध्यनजर गर्दै विएस्सी सिएस आइटीको पठन-पाठन सञ्चालन गर्न लागिएको बताए । उनले भने " विज्ञान विषय लिई कक्षा १२ वा प्रविधि धारतर्फ १०० पुर्णाङ्कको फिजिक्स र १०० पुर्णाङ्कको म्याथ उर्त्तिण गरी कम्तीमा सि ग्रेड ल्याएका विद्यार्थीले यही विएस्सी सिएस आइटी पढ्न पाउन्छन् ।" यो कार्यक्रम ४ वर्षे अवधिमा ८ सेमेस्टरको हुने छ । जसका लागि ३ लाख ५० हजारसम्म खर्च लाग्ने क्याम्पसले अनुमान गरेको छ । यो कार्यक्रम एक वर्ष अघि नै ल्याउने तयारी भए पनि विविध कारणले ढिला हुन गएको क्याम्पसका निवर्तमान क्याम्पस प्रमुख टंक भट्टराईले बताए । उनले भने " ढिलै भए पनि पाल्पामा यो कार्यक्रम ल्याउन सफल भएका छौं , सबैको साथ र सहयोगले नै कार्यक्रम सफल हुने छ ।" कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमल तिमिल्सेना, स्वतन्त्र विद्यार्थी विद्यार्थी युनियन त्रिभुवन बहुमुखी क्याम्पसका सभापति मिलन घर्ती मगर लगायतले कार्यक्रम समय सापेक्ष अनुरुप ल्याइएकोले सरोकारवालाहरुबाट आएका सुझावलाई ग्रहण गरी अगाडि बढ्न क्याम्पस प्रशासनलाई आग्रह गरे । पछिल्लो समय यो विषय अध्ययनका लागि विद्यार्थीहरुमा आकर्षण देखिन्छ । यो विषय अध्ययनका लागि हाल पाल्पा र आसपास जिल्लाबाट विद्यार्थीहरू अन्यत्र जानुपर्ने बाध्यता रहेको थियो । यही पठन-पाठन सुरु भएपछि सूचना प्रविधिको विषयमा रुचि राख्ने विद्यार्थी र उनका अभिभावलाई बुटवल, काठमाण्डौं, पोखरा देखि छिमेकी मुलुक भारत जानुपर्ने बाध्यताको अन्त्य हुने छ ।

कार्यक्रममा सहभागी पत्रकारहरुले कार्यक्रम ल्याउने मात्र नभई त्यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । क्याम्पस प्रमुख डा. टंकप्रसाद पन्थको अध्यक्षाता, उपप्राध्यापक सन्तोष खनालको सञ्चालनमा कार्यक्रम भएको थियो ।

# झाँगिदै सम्बन्धविच्छेद...

...अझ रोचक तथ्य के छ भने यहाँ सम्बन्धविच्छेद गर्ने पुरुषको संख्या पनि बढ्दै गएको छ । गत आर्थिक वर्षमा ४८५ थान सम्बन्धविच्छेदका मुद्दा दर्ता भएकामा ६६ वटा मुद्दा पुरुषले दर्ता गरेका थिए । पुरुषले दिएका अधिकांश मुद्दा पक्षमा फैसला भएका छैनन् । महिला अर्थात् पत्नीलाई प्रतिवादी बनाएर पुरुष अर्थात् पतिले सम्बन्धविच्छेद गर्न माग गर्दै मुद्दा दिनेका संख्या बढेको छ । पछिल्लो वर्षमा यस्ता खालका मुद्दा बढेका हुन् । तर, दाबीसहितको प्रमाण अपुग हुने गरेको पाइएको छ । केही पक्षमा फैसला भएको छ । पुरुषले दर्ता गरेका अधिकांश मुद्दामा प्रमाण नपुगेको अदालतका तहसिलदार रामप्रसाद पोखरेलले बताए । विपक्षी महिलाले प्रतिउत्तर नलगाएका मुद्दा र दाबी अनुसारका प्रमाण पुगेका केही मुद्दामा मात्रै पुरुषको पक्षमा फैसला भएको पोखरेलको भनाइ छ । "पीडा दबाएर बसेका पुरुषहरू पनि नयाँ कानुन आएपछि सम्बन्धविच्छेद गर्न अग्रसर देखिएका हुन्," स्रेस्तेदार पराजुलीले भने "सम्बन्धविच्छेद अहिले फेसन भएको छ, सम्बन्धविच्छेद गर्न पतिपत्नीबीच प्रतिस्पर्धा हुने गरेको देखिएको छ ।" सम्बन्धविच्छेद गर्न आउँदा उनीहरूले कुटपिट गरेको, खान लाउन नदिएको भन्ने गुनासो गर्ने गरेका छन् । तर, वास्तविकता त्योभन्दा फरक भएको पराजुली बताउन्छन् । "पछिल्लो समयमा सामाजिक सञ्जाल, श्रीमानहरू वैदेशिक रोजगारीमा रहेका महिलाहरू सम्बन्धविच्छेद गर्ने गरेको देखिएको छ,"उनले भने "बर्सेनि सम्बन्धविच्छेद गराउनेको संख्या डरलाग्दो रुपले वृद्धि भइरहेको छ । अहिले त पुरुषको संख्या पनि बढ्दै गयो ।" स्वतन्त्रता र स्वच्छन्दताका नाममा सम्बन्धविच्छेदका घटनाले प्रशय पाएको स्रेस्तेदार पराजुली बताउन्छन् । उनले भने, "सकेसम्म पुन: घरबार होस् भनेर हामीले मेलमिलाप गराउने प्रयास गरेका छौं, तर परिस्थिति सोचेअनुरुप नभएपछि एउटा निर्णय गर्न बाध्य छौं ।" यसलाई न्यूनीकरण गर्न समाज र अभिभावक सतर्क नरहने हो भने अझ भयावह बन्ने उनको बुझाइ छ । यसअघि पुरुषले स्थानीय तहमा मिलापत्र हुन नसके स्थानीय तहको सिफारिसमा मात्र अदालतमा मुद्दा दर्ता गर्न पाउने प्रावधान थियो । पत्नीसँग सम्बन्धविच्छेदका लागि पतिले मुद्दा दायर गरे पनि अदालतले मेलमिलापका लागि एक वर्षको समय तोक्ने व्यवस्था थियो । तर, पछिल्लो कानुनले प्रक्रियामा सहज बनाएपछि पत्नीपीडित पुरुषहरू सम्बन्धविच्छेदमा अग्रसर हुने गरेको देखिएको अधिवक्ता शिवप्रसाद देवकोटाले बताए । सम्बन्धविच्छेद बढ्नुका मुख्य कारण वैदेशिक रोजगार भएको उनको बुझाइ छ । अधिवक्ता देवकोटो भन्छन्, "कामको खोजीमा श्रीमान् वैदेशिक रोजगारीमा जाने गरेका छन् । लामो समयसम्म श्रीमान् श्रीमती टाढिँदा दूरीका कारण पनि एकापसमा विश्वास घटेर शङ्का-उपशङ्का गर्न थाल्छन् र सम्बन्धविच्छेदको बाटो खुल्छ ।" कम उमेरमा विवाह, प्रेम विवाह, पितृसतात्मक सामाजिक संरचनाबाट ग्रसित जस्ता कुराले पनि सम्बन्धविच्छेद हुने गरेको उनले बताए । देवकोटाले भने, "प्रेमी-प्रेमिकाले विवाह हुनुपूर्व एक आपसमा आश्वासन बाँड्ने तर विवाहपछि ती आश्वासन पूरा नगर्ने, अर्कोतर्फ माइतीमा आमा/बुबाले दिने मानसम्मान सासू, ससुराबाट नपाउँदा पनि घरायसी झगडाबाट श्रीमान्, श्रीमतीको सम्बन्ध टुट्न पुग्छ ।" सूचना प्रविधिको प्रयोगबाट हुने विवाहमा पनि सम्बन्धविच्छेद हुने गरेको उनको भनाइ छ । सम्बन्धविच्छेदलाई आज पनि पारिवारिक रूपमा कठिन परिस्थितिका रूपमा चित्रण गरिन्छ । दम्पतीले वैवाहिक सम्बन्ध तोडेर अलग हुने निर्णय गर्दा यसको असर उनीहरूका सन्तानमा पर्ने गरेको छ । बच्चाहरूमा त्यस्तो प्रभाव लामो समयसम्म रहने महिला अधिकारकर्मी गङ्गा पौडेल बताउन्छिन् । सम्बन्धविच्छेदका सकारात्मकभन्दा नकारात्मक असर भेटिने उनको भनाइ छ तर सम्बन्धविच्छेदसँग बालबालिकाको उदासीपनसँगै सकारात्मक पक्ष पनि जोडिएको हुन्छ । "दैनिक हुने झै-झगडाबाट मुक्त हुँदा उनीहरूमा सकारात्मक असर पनि देखिएका हुन्छन्" पौडेल भन्छिन् ।

खेलकुद समाचार

## भारत विश्व टिम टेबलटेनिस च्याम्पियनशिपमा छनोट




**काठमाडौं,** साउन १६/विश्व टिम टेबलटेनिस च्याम्पियनशिपका लागि भएको दक्षिण एशियाली छनोट प्रतियोगितामा पुरुष/महिला दुवैमा भारतीय टोली छानिएको छ । लैनचौरको राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको प्रतियोगिताको राउन्ड रोबिन लिगमा अपराजित रहँदै भारतीय टोली छनोट भएको हो । पुरुष र महिलामा ५-५ राष्ट्र सहभागी थिए । दुवैतर्फ भारतले नेपालसहित माल्दिभ्स, श्रीलङ्का र बङ्गलादेशलाई समान ३-० को नतिजामा हराएर ८ अङ्क भारतीय टोली इङ्गल्यान्डमा सन् २०२६ को सेप्टेम्बरमा हुने विश्व टिम टेबलटेनिस च्याम्पियनशिपका लागि छनोट भएको छ । पुरुषतर्फ नेपाल ७ अङ्कसहित दोस्रो भयो । भारतसँग मात्र पराजित नेपालले श्रीलङ्कालाई ३-०, माल्दिभ्सलाई ३-१ र बङ्गलादेशलाई ३-२ को सेटमा हराएको थियो । माल्दिभ्स र श्रीलङ्का तेस्रो भए । महिलातर्फ माल्दिभ्ससँगै नेपाल तेस्रो भयो । ६ अङ्क जोडेको नेपालले दुई राष्ट्रलाई पराजित गऱ्यो दुई राष्ट्रसँगको नतिजा सुम्पिएको थियो । माल्दिभ्स र बङ्गलादेशलाई समान ३-० ले हराएको नेपाल भारतसँग ३-० र श्रीलङ्कसँग २-३ ले पछि पऱ्यो। श्रीलङ्का ७ अङ्कसहित दोस्रो स्थानमा रह्यो ।पाँच ठाउँ अफ्रिका र युरोपबाट दुई/दुई टोली र पूर्वी एशिया-प्रशान्त क्षेत्रबाट एक टोलीले आ-आफ्नो क्षेत्रीय छनोट पूरा गरेपछि पूरा हुनेछ । १०औं संस्करणको महिला टी-२० विश्वकप अर्को वर्षको जुन १२ देखि जुलाई ५ सम्म इङ्गल्यान्ड र वेल्समा आयोजना हुनेछ ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

अर्थ/कर्पोरेट समाचार

# पेट्रोलको मूल्य घट्यो



**पाल्पा,** साउन १६/नेपाल आयल निगमले पेट्रोलको भाउ लिटरमा एक रुपैयाँले घटाएको छ भने डिजेल र मट्टीतेलको दुई रुपैयाँ बढाएको छ । खाना पकाउने एलपी ग्यासको भाउ भने यथावत् छ । निगमले तय गरेको मूल्य देशभरका विभिन्न ठाउँ अनुसार लागू हुनेछ ।

चारआली, विराटनगर, वीरगञ्ज, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज र धनगढी क्षेत्रमा अब पेट्रोलको भाउ लिटरको १५६ रूपैयाँ ५० पैसा तथा डिजेल-मट्टीतेलको प्रतिलिटर १४७ रूपैयाँ ५० पैसा पर्नेछ । सुर्खेत र दाङ क्षेत्रमा अब पेट्रोलको भाउ लिटरको १५८ रूपैयाँ तथा डिजेल-मट्टीतेलको प्रतिलिटर १४९ रूपैयाँ पर्नेछ । यस्तै काठमाण्डौ, पोखरा र दिपायल क्षेत्रमा अब पेट्रोलको भाउ लिटरको १५९ रूपैयाँ तथा डिजेल-मट्टीतेलको प्रतिलिटर १५० रूपैयाँ पुगेको छ ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु ।

-सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
-आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
-सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
-सुवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
-झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
-घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
-रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
-घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
-झुल लगायर खाटमा मात्र सुतौं ।
सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।



नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका


कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई